# प्रेस विज्ञप्ति

नेपाल टेलिकमले GSM मोवाइल सेवा र CDMA मोवाइल सेवा सम्बन्धी सोधपुछ तथा सिकायत गर्ने (GSM १४९८ र CDMA १९१) सेवालाई अझ प्रभावकारी बनाउने उद्देश्यले आज मिति २०६८।५।१९ देखि निजी क्षेत्रसँग सहकार्य गरी सञ्चालन गर्न आरम्भ गरेको छ । यस अघि यी सेवाहरु नेपाल टेलिकमले प्रत्यक्ष रुपमा सञ्चालन गर्दै आएको थियो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले आज एक समारोहकाबीच १४९८ मा आएको ग्राहकको टेलिफोन कल उठाएर यी सेवाको शुभारम्भ गर्नुभयो । कम्पनीले प्राइभेट पब्लिक पार्टनरसिपको अवधारणामा यो सेवा हरेदेवी स्टोरसँग सहकार्य गरी सञ्चालनको शुभारम्भ गरेको हो । नेपाल टेलिकमले पाँच वर्षअघि २०६२ पौस १ गतेदेखि टेलिफोनको इन्क्वायरी (१९७) सेवा यही अवधारणा अनुरुप सोही संस्थासँगको सहकार्यमा सञ्चालन गरिरहेको छ ।

आज कम्पनीका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले सेवाको शुभारम्भ गर्दै GSM मोवाइलका ग्राहकहरुको संख्या निकै बृद्धि भएकाले ठूलो संख्याका ग्राहकलाई अझ प्रभावकारी ग्राहक सेवा उपलब्ध गराउन निजी क्षेत्रसँगको सहकार्यमा यो सेवा सञ्चालन गर्न लागिएको बताउनु भयो । उहाँले यस किसिमको प्रयासबाट कम्पनीका मोवाइल सेवाका ग्राहकहरुले अझ छिटो छरितो सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उपभोक्ताहरुले १४९८ र १९१ नंबरका फोनमा डायल गरी क्रमश GSM मोवाइल र CDMA मोवाइलका वारेमा जानकारी लिने तथा आफ्ना सिकायतहरु दर्ता गर्न सकिने छ ।

हाल यी सेवाहरु सञ्चालनका लागि २ सयभन्दा बढी जनशक्ति खटिएका छन । यी सेवाहरुमध्ये १९७ सेवा २४सै घण्टा र १४९८ तथा १९१ सेवा विहान ७ बजेदेखि साँझ ८ बजेसम्म सञ्चालनमा रहनेछन् । यी सेवाहरु बिदा, बन्द तथा अन्य पर्वका दिनहरुमा पनि सञ्चालनमा रहनेछन् । सेवाको शुरुवात कार्यक्रममा कम्पनीका उच्चपदस्थ अधिकारीहरुले कार्यकक्षको निरीक्षण गर्नुका साथै जानकारीहरु पनि लिनुभएको थियो ।

२०६८।५।१९

सुरेन्द्र प्रसाद थिके
प्रवक्ता

नेपाल टेलिकम